संघीय संसद
राष्ट्रिय सभा
तेह्रौं अधिवेशन
बैठक-१९
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ४:१२ बजे*
*बैठक स्थगित : ६:५६ बजे*

२०८० बैशाख १५ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको उन्नाईसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ४:१२ बजे प्रारम्भ भयो।

बैठक प्रारम्भ हुनासाथ माननीय खिमलाल देवकोटाले बोल्नका लागि समयको माग गर्नुहुँदा सम्माननीय अध्यक्षले बोल्न समय उपलब्ध गराउनुभयो। **माननीय खिमलाल देवकोटा**ले वित्तीय समानीकरण अनुदान कटौति गर्ने वा विनियोजन गरेको वित्तीय समानीकरण अनुदान फिर्ता गर्ने परिपाटीले संघियतालाई कमजोर बनाउने बताउनुभयो। वित्तीय समानीकरण अनुदान प्रदेश र स्थानीय तहको नैसर्गिक अधिकार भएको बताउनुहुँदै माननीय अर्थमन्त्रीले सदन समक्ष सामाजिक सुरक्षा र अनुदान वितरणमा समस्या नरहेको बताउने तर वित्तीय समानीकरण अनुदान कटौति गर्ने कार्य गलत भएको बताउनुभयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **विशेष समय**मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सुरेश कुमार आलेमगर**ले साबिक प्रदेश नं. १ लाई कोशी प्रदेश नामाकरण गरेको विरोधमा भएको आन्दोलनमा एक जना आन्दोलनकारीको मृत्यू भइसकेकोले अन्य आन्दोलनकारीको मृत्यू हुनु अघि नै यो आन्दोलनप्रति राज्य गम्भीर बन्नुपर्ने बताउनुभयो। अघिल्लो दिन मात्र चन्द्रगढीमा पक्राउ परेका तोरण राई, बलिहाङ माओ र मित्र लिङ्देनको तुरुन्त रिहाइको लागि सम्बन्धित निकाय समक्ष माग गर्नुभयो।

**माननीय कुमार दसौदी**ले अर्थतन्त्रको विषयमा छलफल हुँदा अर्थमन्त्रीले भयावह स्थिति नरहेको जानकारी सदनलाई गराए पनि आफ्नो जिल्लामा बनेका दुईवटा कोल्ड स्टोर निर्माण सम्पन्न भएर सञ्चालनमा आइसकेको तर कामदारले भुक्तानी नपाएकोले तत्काल भुक्तानी प्रदान गर्नका लागि माग गर्नुभयो। अयोग्य लडाकुलाई भत्ता दिने कुरा सुन्नमा आएको र नगदको मात्र प्रवाहले मानिसलाई परजिवी बनाउने बताउनुहुँदै नगद प्रवाह भन्दापनि उपयुक्त क्षमता विकासको सीप दिनुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय कृष्ण प्रसाद पौडेल**ले अर्थतन्त्रका समस्याहरूको बारेमा उल्लेख गर्नुहुँदै आर्थिक वृद्धि, विदेशी मुद्रा सञ्चिती बढ्नु, पर्यटकको सङ्ख्या बढ्नु, रेमिट्यान्समा वृद्धि लगायतका तथ्यहरूले मुलुकको अर्थतन्त्र सुधारको संकेत गर्ने बताउनुभयो। यसलाई नै आधार मानेर देशको अर्थतन्त्र सन्तुलित रहेको भन्न नसकिने तर इमान्दारीता पुर्वक कार्य गरेमा अर्थतन्त्रमा सुधार गर्न सकिने बताउनुभयो। नेपालको आगामी बजेटमा कृषि क्षेत्रको सुधार, जडिबुटी र खनिजजन्य पद्धार्थको व्यवस्थापन, राष्ट्रिय गौरवका आयोजनाहरूमा जो साठी प्रतिशत भन्दा बढि सम्पन्न भइसकेका छन् तिनीहरूमा लगानी, विकास ऐन चाँडो तर्जुमा गर्नुपर्ने लगायतका विषयहरू समेटिनुपर्ने बताउनुभयो।

**माननीय उदय बहादुर बोहरा**ले बैङ्कको चर्को व्याजले जनता पीडित भएको बताउनुहुँदै सम्पतिको ठूलो हिस्सा सीमित वर्गमा केन्द्रित रहेको बताउनुभयो। नीति नियमले व्यवस्था नगरेको बैङ्कर्स संघले व्याजदरको निर्धारण गर्ने परिपाटी गलत भएको बताउनुहुँदै यसको व्यवस्थापनको लागि राष्ट्र बैङ्क र सरकार गम्भीर हुनुपर्ने बताउनुभयो।

**माननीय नरबहादुर बिष्ट**ले नेपाल जस्तै कर्णाली प्रदेश पनि भुपरिवेष्ठित रहेको बताउनुहुँदै सरकारले कर्णालीको विकासमा ध्यान नदिएको बताउनुभयो । गमगढी नाक्चेलाग्ना सडक करिब ९९ किलोमिटर सडक २०७२ सालमा शुरुवात भएको तर हालसम्म करिब २१ किलोमिटर मात्र बनेको, भेरी करिडोर जमुनाहादेखि डोल्पाको सदरमुकाम हुँदै टेकु नाकासम्म व्यवस्थित सडक निर्माण हुन नसकेको र हुम्लाको हिल्सा जोड्ने सडक चाँडो सम्पन्न गर्न सरकार समक्ष माग गर्नुभयो। मध्यपश्चिम विश्वविद्यालय निजि कम्पनी जस्तो रुपमा चलाईएको र क्याम्पस प्रमुखले मनोमानी गरिरहेकोमा शिक्षा मन्त्रालय र कुलपतिको ध्यानाकर्षण गराउनुभयो।

**माननीय तुलसा कुमारी दाहाल**ले वर्तमान सरकारले हिउँदे अधिवेशनमा बन्नैपर्ने कतिपय ऐन तर्जुमा हुन नसकेको बताउनुभयो। सम्माननीय प्रधानमन्त्री भारत भ्रमणमा जाने खबर सुनिएको तर प्रधानमन्त्रीको भारत भ्रमणका एजेन्डा के हुन? आर्थिक संकट समाधानका लागि सरकारको कार्यक्रम के छ? राजस्वको अवस्थाको बारेमा सरकारले लिएको लक्ष्य पुरा हुन्छ? नेपालका राष्ट्रपतिको उपचारमा सरकारले संसदलाई किन जानकारी गराउँदैन? सरकारका विभिन्न तहहरूबीचको समन्वय प्रभावकारी किन हुन सकेन? लगायतका प्रश्न गर्नुभयो।

**माननीय दुर्गा गुरुङ**ले नेपाल जलस्रोतमा धनी रहेपनि स्वच्छ खानेपानीको व्यवस्था हुन नसकिरहेको र यसको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। सुर्खेतमा खानेपानीको समस्या रहेको र उक्त क्षेत्रमा खानेपानीको व्यवस्थापनका लागि विगतमा योजना परेको तर हालसम्म प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेकोमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

**माननीय गंगा कुमारी बेलबासे**ले ठोरी र केरुङ नाका भारत, नेपाल र चीन जोड्ने महत्वपूर्ण नाका भएको हुनाले यसको स्तरोन्नतिका लागि नेपाल सरकार समक्ष माग गर्नुभयो। यसले त्रिदेशीय सम्बन्ध विस्तार गर्न सहज हुने भएकोले देशलाई व्यापारिक रुपमा फाइदा हुने बताउनुभयो। सरकारले यो वर्षको बजेट निर्माणमुलक क्षेत्रमा केन्द्रित गर्नुपर्ने, राष्ट्रिय आविष्कार केन्द्रको मागलाई ध्यान दिनुपर्ने लगायतका विषयहरूको उठान गर्नुभयो।

**माननीय भगवती न्यौपाने**ले नेकपा एमालेका अध्यक्षमाथि भएको आक्रमणको विरोध गर्दै दोषीमाथि कारबाही गर्नुपर्ने बताउनुभयो। नेपालको अर्थतन्त्रको संकट गभर्नरमाथि लगाएर सरकार उम्कन खोजेको बताउनुहुँदै प्रधानमन्त्रीको भुमिका देश र जनताप्रति केन्द्रित नभएको र अब प्रधानमन्त्रीसँग राष्ट्रिय सरोकारका विषयमा आशा र भरोसा नरहेको बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"** को तर्फबाट **माननीय संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती**लाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९ सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुभयो। तत्पश्चात् माननीय मन्त्रीले उक्त प्रतिवेदन सभा समक्ष पेस गर्नुभयो।

सम्माननीय अध्यक्षले **माननीय जयन्ती देवी राई**लाई राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट विधायन व्यवस्थापन समितिमा रहने गरी समिति हेरफेर गरेको जानकारी गराउनुहुँदै समिति हेरफेर सम्बन्धी प्रस्तावित नामलाई सभाको सहमति जनाई दिनुहुन अनुरोध गर्नुहुँदा सभाले सहमति जनायो।

तदुपरान्त, सम्माननीय अध्यक्षले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ नियम २७ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा राष्ट्रिय सभाबाट देहाय बमोजिमका माननीय सदस्यहरूको नाम मनोनयन गरेको जानकारी गराउनुभयो।

१. माननीय सदस्य प्रमिला कुमारी
२. माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ
३. माननीय सदस्य मदन कुमारी शाह (गरिमा)

तत्पश्चात सम्माननीय अध्यक्षले प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्नुहुँदा सभाले सहमति जनायो र सम्माननीय अध्यक्षले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा प्रस्तावित नामलाई सभाको सहमति भएको ब्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५० बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको सभापतिको निर्वाचनका लागि मिति २०८० वैशाख २५ गते सोमबार अपराह्न २:०० बजेको समय तोकेको जानकारी गराउनुहुँदै समिति सभापतिको निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना प्रकाशन गर्न राष्ट्रिय सभाका सचिवलाई निर्देशन दिनुभयो।

उक्त निर्देशन पश्चात् सम्माननीय अध्यक्षले नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम **माननीय संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती**लाई राष्ट्रिय सभामा विचाराधीन "प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

सम्माननीय अध्यक्षले माननीय संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले पेस गर्नुभएको राष्ट्रिय सभामा विचाराधीन "प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ फिर्ता गरियोस्" भन्ने प्रस्तावमाथि कुनै पनि माननीय सदस्यबाट विरोध नभएको जानकारी गराउनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भइ उक्त "प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६" सभाबाट फिर्ता भयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८४ को उपनियम (१) बमोजिम सभामा १० दिन भन्दा बढी अनुपस्थित रहनुहुने देहाय बमोजिमका माननीय सदस्यको सूचना सोही नियमावलीको उपनियम (४) बमोजिम सभाको स्वीकृतिका लागि प्रस्तुत गर्नुभयो:

| क्र.स. | सदस्यको नाम | कारण | अवधि |
|---|---|---|---|
| १. | माननीय हरिराम चौधरी | विरामी भई उपचारार्थ उपत्यका बाहिर जानु परेको | २०७९/१०/२७ देखि २०८०/१/४ सम्म १२ बैठक । |

तत्पश्चात उक्त सूचनालाई सभाको स्वीकृति जनाइदिनुहुन अनुरोध गर्नुहँदा सभाले स्वीकृति जनायो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको चालु तेह्रौं अधिवेशन अन्त्यको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउनुभयो:

१. मा. गोपी बहादुर सार्की अछामी
२. मा. भैरव सुन्दर श्रेष्ठ
३. मा. रमेश जंग रायमाझी
४. मा. जयन्ती देवी राई
५. मा. प्रमिला कुमारी
६. मा. शेखर कुमार सिंह

तत्पश्चात्, सम्माननीय अध्यक्षले चालु तेह्रौं अधिवेशन अवधिमा राष्ट्रिय सभाबाट सम्पादन गरिएका देहाय बमोजिमको मुख्य-मुख्य काम कारबाहीको संक्षिप्त विवरण सभासमक्ष जानकारी गराउनुभयो:

## तेह्रौं अधिवेशन अवधिमा सभाबाट सम्पादित मुख्य-मुख्य कामकारबाहीको

## संक्षिप्त विवरण

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको पहिलो बैठक मिति २०७९ साल पुस २५ गते सोमबार अपराह्न १:०० बजे प्रारम्भ भई २०८० साल वैशाख १५ गते शुक्रबारसम्म जम्मा ११० दिन चालु रह्यो। यस अवधिमा बैठक बसेका १८ दिनहरूमा १९ वटा बैठक बसी जम्मा २८ घण्टा ५५ मिनेट सभाको काममा व्यतीत भयो।

यस अधिवेशन अवधिमा ७ वटा बैठकमा शून्य समय रहेको थियो। उक्त शून्य समयमा २८ जना माननीय सदस्यहरूले ४३ मिनेट समय उपयोग गर्नुभएको थियो।

त्यसैगरी यस अधिवेशनका बैठकहरू मध्ये ७ वटा बैठकमा विशेष समय रहेको थियो। विशेष समयमा ४५ जना माननीय सदस्यहरूले ९ घण्टा ५१ मिनेट समय उपयोग गर्नुभएको थियो।

त्यसैगरी, राष्ट्रिय सभाका अध्यक्षबाट राष्ट्रिय सभाको बैठकको निर्धारित समयभित्र नेपाल सरकारका मन्त्रीहरू अनिवार्य रुपमा बैठक कक्षमा उपस्थित हुनका लागि रुलिङ्ग भएको थियो।

यस अधिवेशन अवधिमा राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम मिति २०७९ साल माघ २३ गते राष्ट्रिय सभाको उपाध्यक्ष पदको निर्वाचन भई सभाका माननीय सदस्य उर्मिला अर्याल निर्विरोध निर्वाचित हुनुभएको थियो।

त्यसैगरी यस अधिवेशन अवधिमा सभाले नेपाल विश्वविद्यालय विधेयक, २०७९ र राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ भने देहाय बमोजिमका विधेयकहरू पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाएको छः

१. अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६,
२. खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७,
३. अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७,
४. सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७,
५. सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७,
६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६, र
७. भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६।

त्यसैगरी सभाको छैटौं अधिवेशन अवधिमा दर्ता भएको प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ र सोही अधिवेशन अवधिमा गैरसरकारी विधेयकको रुपमा माननीय सदस्य प्रकाश पन्थले दर्ता गर्नु भएको सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७७ यस अधिवेशनमा फिर्ता भएका छन्।

त्यसैगरी सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०७९ माघ २७ गते शुक्रबारका दिन गर्नुभएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको थियो ।

यस अधिवेशन अवधिमा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले पेस गरेको प्रतिवेदनमाथिको छलफलमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले जवाफ दिनुभएको र उक्त प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरी आवधिक रुपमा सभा समक्ष प्रगति विवरण पेस गर्न राष्ट्रिय सभाका अध्यक्षबाट रुलिङ्ग भएको थियो ।

यस अधिवेशन अवधिमा माननीय भुवन बहादुर सुनारले दर्ता गर्नुभएको "दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने" सम्बन्धी संकल्प प्रस्तावमाथि सभामा छलफल भएको र छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले जवाफ दिनुभएको थियो ।

उक्त संकल्प प्रस्ताव राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८७ बमोजिम कार्यान्वयन गर्न नेपाल सरकारलाई सभाले निर्देशन गरेको व्यहोरा सभाका अध्यक्षबाट जानकारी गराइएको थियो ।

यस अधिवेशन अवधिमा माननीय मदन कुमारी शाह (गरिमा) ले प्रस्ताव गर्नुभएको "सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने" भन्ने विषयको जरूरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल भएको र छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय अर्थमन्त्री प्रकाशशरण महतले जवाफ दिनुभएको थियो।

त्यसैगरी यस अधिवेशन अवधिमा तत्कालीन माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७९/०८० को बजेटको अर्ध-वार्षिक मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा सभामा वक्तव्य दिनुभएको थियो। त्यसैगरी तत्कालीन माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्यालले र माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले समसामयिक विषयमा सभामा वक्तव्य दिनुभएको थियो।

तेह्रौं अधिवेशनको यस अवधिमा सभा अन्तर्गतका देहाय बमोजिमका विषयगत समितिका वार्षिक एवं आवधिक प्रतिवेदनहरू सभा समक्ष पेस भएका थिए:

१. दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७८/०७९
२. विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७८/०७९
३. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७८/७९
४. राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवं मूल्याङ्कन प्रतिवेदन, २०७९

यस अधिवेशन अवधिमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवं मूल्याङ्कन प्रतिवेदन, २०७९ सभामा पेस भई छलफल भएको र सो छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जवाफ दिनुभएको थियो।

यसै अधिवेशन अवधिमा यस सभाका माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिमा, माननीय सदस्य कुमार दसौदी राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा, माननीय सदस्य डा. विमला राई पौड्याल राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा र माननीय सदस्य जग प्रसाद शर्मा, माननीय सदस्य देवेन्द्र दाहाल र माननीय सदस्य रमेश जंग रायमाझी संघीय संसदको संसदीय सुनुवाई समितिमा मनोनयन हुनुभएको छ भने राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा माननीय प्रमिला कुमारी, माननीय मदन कुमारी शाह (गरिमा) र माननीय भैरव सुन्दर श्रेष्ठ मनोनयन हुनुभएको छ ।

त्यसैगरी माननीय जयन्ती देवी राईलाई राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट विधायन व्यवस्थापन समितिमा समिति हेरफेर गरिएको छ ।

त्यसैगरी यसै अधिवेशन अवधिमा रिक्त रहेको विधायन व्यवस्थापन समितिको सभापति पदको निर्वाचनको लागि मिति तोकिएको छ ।

यस अधिवेशन अवधिमा संवैधानिक व्यवस्था अनुसार देहाय बमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभा समक्ष पेस भएका थिए:

१. थारू आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/७९,
२. राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/७९,
३. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९,
४. आदिवासी जनजाति आयोगको तेस्रो वार्षिक प्रतिवेदन, २०७८/०७९,
५. महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७८/०७९,
६. लोक सेवा आयोगको त्रीसठ्ठीऔं वार्षिक प्रतिवेदन, २०७८/०७९,
७. राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९,
८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं वार्षिक प्रतिवेदन, २०७८/०७९, र
९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन २०७८/०७९७९/।

यसै अधिवेशन अवधिमा प्रतिनिधि सभाका वहालवाला सदस्य शहनाज रहमान, प्रतिनिधि सभा र राष्ट्रिय सभाका पूर्व सदस्य मैया देवी श्रेष्ठ, प्रतिनिधि सभाका पूर्व सदस्य कर्मा घले र तेजमान तुम्वाहाम्फे,

संविधान सभा सदस्य बालकृष्ण ढुङ्गेल, झुलबहादुर आले र गणेश प्रसाद विमलीको निधन भएकोमा छुट्टाछुट्टै शोक प्रस्तावहरू पारित गरिएका थिए।

तदुपरान्त, सम्माननीय अध्यक्षले सम्माननीय कार्यबाहक राष्ट्रपतिबाट चालु अधिवेशन अन्त्य सम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउनुहुँदै उक्त पत्रको ब्यहोरा सभामा जानकारी गराउनुभयो।

> "नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०१/१२ को सिफारिसमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८० साल वैशाख १५ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।
>
> (रामसहाय प्रसाद यादव)
>
> कार्यवाहक राष्ट्रपति"

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको चालु तेह्रौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुनेगरी यो बैठक अन्त्य भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव